# सिराहा जिल्ला अदालत

## सिराहा

प.सं. ०७८/०७९
चलानी नं.

मिति -२०७८।४।२५

### विषयः- ट्र्याक्टर तथा सिटी रिक्सा लिलाम सम्वन्धी

सूचना ! सूचना !! सूचना !!!

सिराहा जिल्ला अदालतको मिति २०७८।३।८ गतेको निर्णय अनुसार यस अदालतमा विभिन्न मितिमा दायर हुन आएको यस अदालतको जिन्सीमा आम्दानी बाँधिएको फैसलाले जफत हुने वा चालू अवस्थाको विभिन्न फौजदारी मुद्दामा दशी स्वरूप प्राप्त हुन आएको देहायमा उल्लेखित गाडी को हकमा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ बमोजिम लिलाम प्रयोजनको निमित्त मिति २०७८।४।११ गते मूल्यांकन भई सूचना प्रकाशन भएको मितिले १(एक) हप्ता भित्र आफ्ना सम्पूर्ण कागज प्रमाण लिई मूल्यांकन बमोजिमको निर्धारित रकम यस अदालतमा धरौटी राखी फिर्ता लिन आउनु भनी यस अदालतबाट मिति २०७८।४।१४ गते सूचना प्रकाशन भई सो सूचनानुसार फिर्ता लिन नआई बाँकी रहेको देहायमा उल्लेखित गाडीहरू जे जुन अवस्थामा छन् सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट एक मूष्ट रूपमा उल्लेखित शर्तको अधीनमा रही लिलाम बिक्री हुने भएकोले सो सम्बन्धी सूचना सर्वोच्च अदालतकोWebsite(www.supremecourt.gov.np),यसअदालतकोWebsite(www.supremecourt.gov.np/siraha) र यस अदालतको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सर्वसाधारणको लागि जानकारीको लागि अनुरोध छ । साथै बोलपत्र सम्बन्धी सम्पूर्ण जानकारी यस अदालतको तहसिल शाखाबाट प्राप्त गर्न सक्नुहुनेछ ।

<u>तपसिल</u>

| क.स | जिन्सी नं. | गाडी नं. | गाडीको नाम र उत्पादन वर्ष हर्षपावर | मुद्दाको नं. | चेसिस नं./ई.नं. | न्यूनतम कायम भएको मोल रू. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १०३१/२८ १ | स.१.त. ३३३९ | Tractor Sonalika DI 35<br>2013<br>Blue | ३२-०७६-०२५८४<br>०७६-C1-०५११ | BZJSU32429153/<br>3100FLS23L32400 9F2 | 3,05,000.- | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | १०२८/२०७८ | स.१.ह. ३७६१ | CITY RIKSHAW<br>TERRA MOTORS<br>Black | ३२-०७६-०२२९८<br>०७६-C1-०११५ | | 1,60,000.- | |
| | | | न्यूनतम मोल | | | ४,६५,०००।- | |

**शर्तहरू:-**

१. टेण्डर खरिद मितिं २०७८।५।१ गते बाट

२. मिति २०७८।५।१ गते देखि मिति २०७८।५।५ गते सम्म टेण्डर खरिद यस अदालतको लेखा शाखाबाट रू.3000।-(तिन हजार मात्र) मा खरिद गर्न सकिने छ।

३. टेण्डर पेश गरिसक्नु पर्ने अवधी २०७८।५।७ गते कार्यालय समय भित्र अर्थात दिनको १०.०० बजे देखि ४:०० बजे सम्म हुनेछ।

४. सबै भन्दा बढी अंक बोल्नेले लिलाम सकार गर्न पाउने छ।

५. लिलाम बोलेको अंकको १३% मूल्य अभिवृद्धिकर लाग्ने छ।

६. लिलाम मिति २०७८।५।९ गते दिनको १:०० देखि ३:०० बजे सम्म यस अदालतमा हुनेछ ।सो दिन विदा परेमा सोको भोलि पल्ट सोही समयमा हुनेछ ।

७. लिलाम बोलेको अंकको १०% तत्काल रा.बा.बैंक सिराहामा रहेको धरौटी खाता नं. २१३०२०३०००००० मा को.ले.नि.का. सिराहाको नाउँमा बुझाई भौंचर टेण्डर फाराम साथै राखी गोप्य साथ पेश गर्नुपर्नेछ र बाँकी ९०% ७(सात)दिन भित्र दाखिला गर्नुपर्ने छ। समयमा ९०% दाखिला नगरे १०% धरौटी जफत हुनेछ।

८. बोलपत्र स्वीकृत /अस्वीकृतको घोषणा मिति २०७८।५।१० गते हुनेछ।

९. लिलामको डाक सदर बदर गर्ने अधिकार यस अदालतमा निहित रहने छ।

१०. लिलाम हुने ट्रयाक्टर तथा सिटी रिक्सा हेर्न चाहने व्यक्तिले यस अदालतको तहसिल शाखामा अदालतको समयमा सम्पर्क राख्न सकिने छ।

११. लिलाम सकार गरेको एक महिना भित्र सकार गरेको ट्रयाक्टर तथा सिटी रिक्सा उठाइ लैजानु पर्नेछ। बिग्रेका ट्रयाक्टर तथा सिटी रिक्सा मर्मत डाक लिलाम सकार गर्नेले नै गर्नु पर्नेछ।

१२. सवारी साधन आ-आफ्नो नाउँमा दर्ता गराउने दायित्व डाक सकार गर्ने कै हुनेछ । र दर्ता गराउँदा नियमानुसार लाग्ने खर्च तथा अन्य दस्तुर समेत डाक लिलाम सकार गर्नेले नै व्यहोर्नु पर्नेछ।

१३. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

१४. यस सम्बन्धमा थप बुझ्नु पर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।

१५. लिलाम सम्बन्धी सम्पूर्ण अधिकार यस अदालतमा निहित रहनेछ।

१६. लिलाम हुने सवारी साधनहरू प्रचलित नेपाल कानून बमोजिम नेपाल सरकारको नियम विपरित नहुने गरी प्रयोग गर्न पाइनेछ।

शिव बुढाथोकी
तहसिलदार